# ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड :०६ संख्या : २१ प्रकाशित मिति : २०७९/११/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को उपदफा (४) को (१) बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग–०२

## ताँजाकोट गाउँपालिका जल स्रोत उपयोग कार्यविधि २०७९

**प्रस्तावना:**

ताँजाकोट गाउँपालिका भित्र रहेको भू-सतहमा रहेको मुल वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवम् जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्न, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्न, नियमन, खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, जल स्रोत उपयोग ऐन २०७९ को दफा १७ को उपदफा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) गाउँपालिकाको कार्यपालिकाले जलस्रोत उपयोग कार्यविधि २०७९ जारी गरिएको छ।

## परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "जलस्रोत उपयोग कार्यविधि, २०७९" रहको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुने छ।

२. **परिभाषाः**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "जलस्रोत भन्नाले" गाउँपालिका भित्रको भू-सतहमा, जमिन भित्रबाट निकालिएको पानी को मुल वा निकालिए भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानीको स्रोतलाई सम्झनुपर्छ।

(ख) "गाउँपालिका" भन्नाले ताँजाकोट गाउँपालिका सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले ताँजाकोट गाउँकार्यपालिका लाई सम्झनुपर्छ।

(घ) "अध्यक्ष" भन्नाले ताँजाकोट गाउँपालिकाको अध्यक्ष लाई सम्झनुपर्छ।

(ङ) "उपाध्यक्ष" भन्नाले ताँजाकोट गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनुपर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ताँजाकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(छ) "मुहान" भन्नाले ताँजाकोट गाउँपालिका भित्र रहेका पानीको मूलका वा भूमिगत स्रोतलाई जनाउँछ।

(ज) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन, तथा मर्मत सम्भार आदि कार्य गर्नका लागि गरिने लिखित करारनामा वा कबुलियतनामाको लिखतलाई जनाउँछ।

(झ) "लाभदायक उपभोग" भन्नाले उपलब्ध स्रोत र साधनले भ्याए सम्म उचित रुपले जलस्रोतको उपभोग सम्झनुपर्छ।

(ञ) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले गाउँपालिकाको जलस्रोत ऐन २०७९ को दफा १० बमोजिम जलस्रोतको उपभोग गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनुपर्छ।

(ट) "उपभोक्ता संस्था" भन्नाले जलस्रोत ऐन २०७९ को दफा ७ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्छ।

(ठ) "उद्योग" भन्नाले जलस्रोत वा जलस्रोत संग सम्बन्धित प्रशोधित वा अप्रशोधित उद्योग, व्यवसायलाई सम्झनुपर्छ।

(ड) "ऐन" भन्नाले गाउँपालिकाको जलस्रोत उपयोग ऐन २०७९ लाई सम्झनुपर्छ।

(ण) "शुल्क" भन्नाले अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले उपलब्ध गराएको जलस्रोत सम्बन्धी सेवा उपयोग गरे वापत उपभोक्ताले बुझाउँनु पर्ने शुल्क सम्झनुपर्दछ। यसले सेवा शुल्कलाई समेत जनाउँनेछ।

(त) "दस्तुर" भन्नाले संस्था दर्ता, नविकरण, बिलम्ब र नक्कल प्राप्त गर्न गाउँपालिकालाई बुझाउनु पर्ने दस्तुर सम्झनुपर्दछ।

## परिच्छेद–२

## जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था

**३. जलस्रोतको उपयोगः**

(१) यस कार्यविधि बमोजिम अनुमति पत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए ता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति पत्र लिनुपर्ने छैन।

(क) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो जग्गाको सिंचाइ गर्न,

(ग) जग्गा धनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न।

(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरूलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्ने छ।

**४. जल उपोभोक्ता संस्थाको गठनः**

(१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपायोग गर्न चाहाने व्यक्तिहरुले दफा ८ बमोजिम प्रक्रिया पुरा गरी जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्था गाउँपालिकामा दर्ता गराउँनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको जल उपभोक्ता संस्था अधिकार प्राप्त संगठित संस्था हुनेछ।

**५. जलस्रोत उपयोगको प्राथमिकता क्रमः**

(१) जलस्रोतको उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्ने छ ः-

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाइ,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा दफा १२ बमोजिम गठित समितिले दफा ५ को उपदफा (१) को प्राथमिकताक्रम भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ।

**६. जलस्रोतको उपयोग वा विकास गर्न सकिनेः**

(१) गाउँपालिकाले कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस कार्यविधिले कुनै बाधा पुऱ्याएको मानिने छैन।

(२) यस कार्यविधि बमोजिम उपयोग गरेको जलस्रोत र सो संग सम्बन्धीत जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि गाउँपालिका आफुले लिई विकास गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम आफुले लिएको जलस्रोतको उपयोगिता सम्बन्धी जग्गा, भवन, उपकरण वा अन्य संरचना वापत गाउँपालिकाले सम्बन्धित व्यक्तिलाई क्षतिपूर्ति दिनेछ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र अन्य व्यक्ति, निकाय वा संगठित संस्थाले उपयोग गरिरहेको जल स्रोतलाई निजहरुसंगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछ।

७. **जलस्रोतको उपयोगको लागि करार गर्न सक्ने** : यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले कुनै संस्था वा व्यक्तिसंग प्रचलित कानूनको अधिनमा रहि करार गरी सोही करारमा उल्लेखित शर्तहरु बमोजिम कुनै जलस्रोतको संरक्षण, विकास, उपयोग र सेवा विस्तार गर्न गराउँन सक्नेछ।

## परिच्छेद-३

## अनुमतिपत्र सम्वन्धी व्यवस्था

८. **अनुमतिपत्रको व्यवस्थाः**

(१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र गाउँपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७९ र संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९ ले निर्धारण गरे बमोजिमको विवरणहरू खुलाई गाउँपालिका कार्यपालिकाको कार्यालयमा संस्था दर्ताको लागि अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ। यसरी दरखास्त दिईएकोमा पानीको मुहान वरपर सूचना टाँस गर्नु पर्नेछ। सूचनाको नमूना अनुसूची २ बमोजिम हुनेछ। तर जलस्रोतको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्ने छैन।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा गाउँपालिकाले तोकि दिएको अधिकारीले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा तीस दिनभित्र र जलस्रोत उपयोगको अनुमतिपत्रको हकमा एकसय वीस दिनभित्र तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरू तोकी दफा ५ को उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनुपर्ने छ। अनुमतिपत्र अर्थात संस्था दर्ता प्रमाणपत्रको नमूना अनुसूची ३ बमोजिम हुनेछ।

(३) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले जलस्रोत उपयोग गरे वापत गाउँपालिकालाई शुल्क बुझाउँनु पर्नेछ।

(४) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकाबाट स्वीकृति लिनुपर्नेछ।

(५) अनुमतिपत्र अर्थात संस्था दर्ताको लागि आवश्यक कागजात अनुसूची ४ बमोजिम हुनेछ।

९. **जलविद्युतको लागि जलस्रोतको उपयोगः** दफा ६ मा जुनसुकै कुरा लेखिएका भएता पनि अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले जलविद्युत उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

१०. **अनुमतिपत्र नविकरण गर्नेः**

(१) यो कार्यविधि बमोजिम जलस्रोतको संरक्षण, सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्र आर्थिक वर्षको अन्तिम सम्ममा नविकरण गर्नु पर्नेछ। म्याद समाप्त भएपछि नविकरण गराउँदा थप दस्तुर लाग्नेछ।

(२) जलस्रोतको संरक्षण, सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रको नविकरण गराउँदा अनुसूची ५ बमोजिम दस्तुर लाग्नेछ।

११. **अनुमतिपत्र खारेज गर्न सकिनेः**

(१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यो कार्यविधि विपरित कुनै काम गरेमा दफा १२ बमोजिम गठित समितिले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधि भित्र अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आवश्यक सुधार नगरेमा त्यस्तो व्यक्ति वा संस्थाले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ।

(३) उपदफ (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ।

## परिच्छेद-४

## जल उपयोग समिति सम्बन्धी व्यवस्था

१२. **जल उपयोग समितिको गठनः**

(१) यस गाउँपालिकाले देहाय बमोजिमको गाउँपालिका स्तरीय जल उपयोग समिति गठन गर्न सकिने छ।

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) कार्यपालिकाले तोकेको एक जना दलित महिला सहित ३ जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) गाउँपालिकाको अध्यक्षले तोकेका खानेपानी तथा सरसफाई गाउँपालिका स्तरीय महासंघका एक जना प्रतिनिधि - सदस्य

(च) गाउँपालिकाको अध्यक्षबाट मनोनित जलस्रोत तथा सिचाँई विकास डिभिजन कार्यालयका प्रतिनिधि १ जना - सदस्य

(छ) पूर्वाधार विकास शाखा प्रमुख - सदस्य सचिव

१३. **जल उपयोग समितिको काम, कर्तव्य र अधिकारः**

(१) गाउँपालिका क्षेत्र भित्रको जलस्रोत सम्बन्धी व्यवस्था गर्न जल उपयोग समितिको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुने छ।

(क) जलस्रोत संरक्षण, विकास, उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न कार्यपालिकामा सिफारिस गर्ने।

(ख) गाउँपालिका क्षेत्र भित्र रहेको नदी, खोला, पानीको मुहान, तालतलैया, पोखरीहरुको पहिचान तथा संरक्षण,

(ग) गाउँपालिका क्षेत्र भित्रको सबै प्रकारको जलस्रोतलाई संरक्षण, संवर्द्धन नियमन गर्ने र त्यसबाट हुने प्राकृतिक प्रकोप सम्बन्धी प्रतिवेदन गाउँपालिकामा पेश गर्ने,

(घ) गाउँपालिका क्षेत्रभित्र रहेका जलस्रोतमा आधारित उद्योग, व्यवसाय संचालनको अनुमति सिफारिस गर्ने।

(ङ) गाउँपालिका क्षेत्रभित्र संचालित जलस्रोतसंग सम्वन्धित उद्योग, कालकारखाना वा व्यवसाय संचालन अनुमति प्राप्त गर्दा भएका सहमतिका शर्तहरु पालना भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने,

(च) जलस्रोतको न्यायोचित उपयोग तथा वितरण भए नभएको अनुगमन गर्ने,

(छ) जलश्रोतमा आधारित साना, मझौला तथा ठूला आयोजनाका प्राभावित स्थलका बासिन्दाहरुले आयोजनाबाट पाउनु पर्ने सेवा सुविधाहरु प्राप्तिमा सुनिश्चितता प्रदान गर्न आवश्यक पहल गर्ने,

(ज) जलश्रोतमा आधारित ठूला परियोजनाहरुका लागि परियोजना अध्ययन, अनुसन्धान, निर्माण, सञ्चालन गर्नका लागि संघ र प्रदेशसँग समन्वय र सहकार्यका लागि आवश्यक राय पेश गर्ने,

(झ) जलश्रोतमा आधारित उद्योग, व्यवसाय, र परियोजना सञ्चालन गर्दा प्रयोग हुने स्थानीय श्रोत साधनहरु जस्तैः- खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा, माटो, तथा वनपैदावार प्रयोग गरे वापत नियमानुसार प्राप्त हुने रोयल्टी निर्धारणको सिफारिस गर्ने,

(ञ) परियोजनाको प्रभावित क्षेत्रभित्र सम्बन्धित सरोकारवालासँग उत्पन्न हुने विवादहरुको समाधान गर्न आवश्यक पहल गर्ने,

(ट) जलस्रोत सर्वेक्षण तथा उयोगको लागि प्राप्त निवेदन उपर छलफल गरी राय पेश गर्ने,

१४. **वडा स्तरिय जलश्रोत उपयोग समितिको गठनः**

(१) गाउँपालिका क्षेत्र भित्र जलश्रोतमा आधारित परियोजनाहरुबाट अति प्रभावित, प्रत्यक्ष प्रभावित र दीर्घकालीन प्रभावितको सम्बन्धमा प्रत्यक्ष प्रभावित सरोकारवाला बासिन्दाको हकहित स्थापित गराउन गाउँपालिकामा वडा स्तरीय जल उपयोग समितिको रोहवरमा देहाय बमोजिमको सरोकार समितिको गठन गर्न सक्ने छ।

(क) वडा अध्यक्ष - संयोजक

(ख) वडा सदस्यहरु सबै ( सदस्य

(ग) टोल विकास संस्थाका अध्यक्षहरु मध्येबाट १ जना - सदस्य

(घ) युवा क्लबका अध्यक्षहरु मध्येबाट १ जना - सदस्य

(ङ) वडा सचिव - सदस्य सचिव

(च) राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका स्थानीय स्तरका एक/एक जना प्रतिनिधिहरु - आमन्त्रित सदस्य

(२) वडा स्तरिय जलश्रोत उपयोग समितिको काम, कर्तव्य र अधिकार :

(क) सरोकारवालाहरुको भेला गराई परियोजना सञ्चालकहरुबाट परियोजनाको बारेमा स्पष्ट जानकारी लिने,

(ख) परियोजनाबाट वडा स्तरमा प्रभावहरुको मूल्यांकन गरी त्यसबाट हुने क्षतिपूर्तिको निर्धारण गरी सिफारिस गर्ने,

(ग) संचालक र सरोकारवालाको सहमतिमा चलन चल्तीको मूल्यांकनका आधारमा मुआब्जा निर्धारण गरी सिफारिस गर्ने,

(घ) परियोजना सञ्चालक र सरोकारवालाहरु बिचमा समन्वय र समझदारी कायम गराउन मध्यस्थ कर्ता वा मेलमिलाप कर्ताको भूमिका निर्वाह गर्ने,

(ङ) परियोजनाको अवधिभर त्यस क्षेत्रको शान्ति सुरक्षा र सामाजिक वातावरणमा नकारात्मक प्रभाव पर्न नदिन परियोजना सञ्चालकहरुलाई सचेत गराउने,

(च) प्रभावित क्षेत्रमा सडक, शिक्षा, स्वास्थ्य, सिचाई, खानेपानी, वातावरण संरक्षण र रोजगारीको लागि परियोजना सञ्चालनहरु संग आवश्यक पहल गरी सहमति गर्ने तथा कार्यान्वयका लागि गाउँपालिकामा सिफारिस गर्ने,

(छ) समितिका सदस्यहरुले परियोजनासंग अनुचित लाभ लिने/दिने कार्य गरेको सम्वन्धमा छानबिन गरी आवश्यक कारवाहीको लागि गाउँपालिकामा सिफारिस गर्ने,

(ज) परियोजनासँग भएको सहमतिका विषयमा गाउँपालिकामा जानकारी गराउने र सो सम्बन्धमा गाउँपालिकाको निर्णय र प्राप्त निर्देशनको पालना तथा कार्यान्वयन गर्ने गराउने ।

## परिच्छेद–५

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**१५. सजाय सम्बन्धी व्यवस्था:**

(१) प्रचलित कानून र यस कार्यविधिमा उल्लेख भए बमोजिम नियम उलंघन गरेमा निजलाई ताँजाकोट गाउँपालिकास्तरीय जलस्रोत समितिको निर्णयमा कार्यपालिकाले पाँच हजारसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति भराई दिन सक्नेछ ।

(२) यस कार्यविधि बमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई गाउँपालिकास्तरीय जलस्रोत समितिको निर्णयमा कार्यपालिकाले पहिलो पटक पाँच हजार रुपैयाँ सम्म जरिवाना गर्न र दोस्रो पटकको लागि दश हजार जरिवाना लिन सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा गाउँपालिकास्तरीय जलस्रोत समितिको निर्णयमा कार्यपालिकाले निजबाट बिगो असुल गरी निजलाई विगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ।

(४) कसैले वदनियता साथ कुनै खानेपानीको मुहान, बाध, नहर वा जलस्रोतको उपयोग संग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहान दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको बिगो असुल गरी निजलाई बिगो बमोजिम जरिवाना गराई वा नियमानुसार कारबाहीको लागि न्यायीक समिति समक्ष सिफारिस गर्ने।

१६. **अनुसन्धानको लागि लेखी पठाउन सक्नेः** जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने निकायले यस कार्यविधि बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्बन्धमा यस कार्यविधि बमोजिम अनुसन्धान गर्नको सम्बन्धीत निकायमा लेखी पठाउन सक्नेछ।

१७. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजि जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारी गाउँपालिकास्तरीय जलस्रोत समिति र कार्यपालिकाबाट कार्वाही भएकोमा चित्त नबुझेको व्यक्तिले त्यस्तो कार्वाहीको निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र सम्बन्धीत जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-६

## विविध

१८. **सेवा उपभोगका शर्तहरु तोक्न सेवा शुल्क असुल उपर गर्न पाउँने :**

(१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले विकास गरेको जलस्रोतको उपयोगका सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ।

(२) गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क र अनुमति प्राप्त व्यक्ति वा संस्थाले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत वार्षिक शुल्क निर्धारण गरी असुल उपर गर्न सक्नेछ।

१९. **सेवा रोक्न सक्नेः** सेवा उपभोग गरे वापत बुझाउँनु पर्ने शुल्क नबुझाउँने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा गाउँपालिका स्तरीय जलस्रोत समितिको निर्णयमा गाउँपालिकाले त्यस्तो सेवा बन्द गर्न सकिनेछ।

२०. **अरुको घर जग्गामा प्रवेश गर्न सक्नेः** गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलशिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा गाउँपालिका स्तरीय जलस्रोत समितिको निर्णयमा गाउँपालिकाले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ।

२१. **जलस्रोत संरचनाको सुरक्षाः**

(१) जलस्रोतको उपयोग संग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाको अनुरोधमा वा स्वयं गाउँपालिकास्तरीय जलस्रोत समितिको विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा गाउँपालिकास्तरीय जलस्रोत समितिले आवश्यक प्रबन्ध गर्न स्थानीय प्रशासनलाई लेखी पठाउँन सक्नेछ।

२२. **जलस्रोतलाई प्रदुषित गर्न नहुनेः** गाउँपालिका क्षेत्रभित्रको जलस्रोतको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायिन वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदुषित गर्न हुँदैन।

२३. **बाधा अडकन फुकाउ एवं व्याख्याः** यस कार्यविधिको अन्तिम व्याख्या एवम् बाधा अडकाउ फुकाउने कार्य कार्यपालिकाले गर्नेछ।

२४. **संशोधनः** यस कार्यविधिलाई आवश्यकता अनुसार कार्यपालिकाले संशोधन गर्न सक्नेछ

**अनुसूची-१**

**कार्यविधिको दफा ८ को उदफा १ संग सम्बन्धित**

**उपभोक्ता संस्थाको लागि दिईने दरखास्त**

श्री गाउँपालिकास्तरीय जलस्रोत समिति
ताँजाकोट गाउँपालिका कार्यपालिका
कार्यालय हुम्ला

विषयः संस्था दर्ता गरी पाउँ ।

उपरोक्त सम्बन्धमा जिल्ला हुम्ला ताँजाकोट गाउँपालिका वडा नं. ... का हामी स्थानीय व्यक्तिद्वारा यसै स्थानमा रहेको पानीको स्रोत जमिन मुनिको मुहान/इनार/कुवा ................................ संरक्षण तथा व्यवस्थित गर्न श्री .......................................... उपभोक्ता समिति संस्था गठन गरी पाउँ भनि उपभोक्ता संस्थाको विधान संलग्न राखी निवेदन गर्दछौं ।

१. भेलाको निर्णय
२. सम्बन्धित वडा कार्यालयको सिफारिस
३. उपभोक्ता संस्थाको उद्देश्य
४. उपभोग गर्ने पानीको परिमाण
५. परियोजना सम्पन्न गर्दा लाग्न जाने समय र अनुमानित खर्च
६. विषयगत कार्यालयको सिफारिस

निवेदकहरुः

**अनुसूची-२**
**कार्यविधिको दफा ८ को उपदफा १ संग सम्बन्धित**
**खानेपानीको मुहान दर्ता सम्बन्धी सूचनाको नमूना**

**सूचना। सूचना॥ सूचना॥।**

ताँजाकोट गाउँपालिका वडा नं. .... स्थित .................. मा ................... खानेपानीको मुहान दर्ता गरी पाउँ भनि ........................ खानेपानी उपभोक्ता समितिका अध्यक्ष/उपाध्यक्ष/सचिव/कोषाध्यक्ष/सदस्यले यस कार्यालयमा निवेदन पेश गर्नु भएको हुँदा उल्लेखित खानेपानीको मुहान दर्ता गर्ने सम्बन्धमा निवेदन पेश गर्नु भएको व्यहोरा भुटा भएमा वा मुहान दर्ताको सम्बन्धमा कुनै बाधा, व्यवधान र विरोध भएमा सूचना प्रकाशित भएपछि समय फरक नपर्ने गरी प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उजुर गर्न यो सूचना प्रकाशित गरिएकोछ।

ताँजाकोट गाउँपालिका
कार्यपालिकाको कार्यालय हुम्ला

**अनुसूची–**

**कार्यविधिको दफा ८ को उपदफा २ संग सम्बन्धित**

**जल उपभोक्त संस्था दर्ता प्रमाणपत्र**

ताँजाकोट गाउँपालिका
कार्यपालिकाको कार्यालय
हुम्ला

दर्ता नम्बर : दर्ता मिति :-

श्री............................................... उपभोक्ता समिति ताँजाकोट गाउँपालिका वडा नं. .... हुम्ला (सम्बन्धित उपभोक्ता संस्थाको नाम) उपभोक्ता समूह ताँजाकोट गाउँपालिका जलस्रोत उपयोग कार्यविधि, २०७९ दफा ८ को उपदफा २ बमोजिम ........... साल ......... महिना .......... गते ताँजाकोट गाउँपालिकाले दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

.........................
प्रमुख प्रशासकीय अधिकृत

### अनुसूची-४

### कार्यविधिको दफा ८ को उपदफा ५ संग सम्बन्धित

### आवश्यक कागजात

अनुमतिपत्रको लागि आवश्यक कागजात

१. निवेदन

२. प्रमाणित विधान २ प्रति

३. तदर्थ समितिका पदाधिकारीको नागरिकता

४. विषयगत कार्यालयको सिफारिस

५. पानीको वहाव र सेवा क्षेत्र

६. सूचना टाँसको वडा मुचुल्का

७. सम्बन्धित वडा कार्यालयको सिफारिस

### अनुसूची-५

### कार्यविधिको दफा १० को उपदफा २ संग सम्बन्धित

### उपभोक्ता संस्था दर्ता र नविकरण दस्तुर

१. उपभोक्ता संस्था दर्ता गर्न : रु. १०००/-

२. उपभोक्तासंस्था नविकरण वार्षिक : रु. ५००/-

३. उपभोक्ता संस्था नविकरण वार्षिक थप दस्तुर : रु. ५००/-

४. एक वर्ष भन्दा बढि अवधी सम्म पनि नविकरण नगराएको खण्डमा थप दस्तुर प्रत्येक वर्ष : रु. ५००/-

५. उपभोक्ता संस्था प्रमाण पत्र प्रतिलिपि दस्तुर : रु. ५००/-

६. खानेपानी उपलब्ध गराए वापत प्रत्येक उपभोक्ता बाट लिईने शुल्क सबै संस्थामा एकरुपता कायम गरिनेछ।

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,
लाल प्रशाद ढकाल
प्रमुख प्रशासकय अधिकृत